NEPALI | नेपाली

# खाद्य व्यवसायहरूका लागि नयाँ शुल्कहरू

Merri-bek City Council

## महत्त्वपूर्ण खाद्य सुरक्षा मापदण्डहरू पूरा नगर्ने खाद्य व्यवसायहरूका लागि नयाँ शुल्कहरू

1 जनवरी 2024 देखि, Merri-bek सिटी काउन्सिलले खाद्य ऐन अनुसार सबै आवश्यकताहरू पूरा नगर्ने खाद्य व्यवसायहरूको लागि नयाँ शुल्क लगाउनेछ। केही उदाहरणहरु यस्ता छन्:

- हात धुनको लागि बग्ने पानी (धारा) छैन।
- खानाको तापक्रम नाप्ने कुनै उपकरण छैन।
- खानाका सतहहरू सफा गर्न कुनै सरसफाइ उपकरणहरू छैनन्।
- कुनै उपयुक्त खाद्य भण्डारण क्षेत्रहरू छैनन्।

नयाँ शुल्क ठीक तरिकाले स्वास्थ्य र सुरक्षा नियमहरू पूरा नगर्ने सबै  व्यवसायहरूमा लागू हुनेछ। यदि तपाईंको व्यवसायले सबै आवश्यकताहरू पूरा गर्छ भने यो नयाँ शुल्क तपाईंलाई **लागू हुँदैन**।

नोभेम्बर 2024 देखि, यदि तपाईंको व्यवसायले तपाईंको परिसरमा देखिएका यी समस्याहरू समाधान गर्न कुनै कदम चालेको छैन भने, तपाईंलाई वार्षिक दर्ता नवीकरण प्रक्रियाको स्वरूपमा नयाँ 'नियमहरू पालना नगरेको' शुल्क लगाइनेछ ।

पछिल्ला धेरै वर्षहरूमा, Merri-bek  काउन्सिलले महत्त्वपूर्ण खाद्य र सुरक्षा नियमहरू पालना नगर्ने खाद्य व्यवसायहरूको शुल्क बढाएको छ। Merri-bek का सबै खाद्य व्यवसायहरू ग्राहकहरूको लागि सुरक्षित रहेको सुनिश्चित गर्न काउन्सिलले यो नयाँ शुल्क ल्याउँदैछ। यस शुल्कको उद्देश्य व्यवसायहरूलाई जरूरी आवश्यकताहरू पूरा गर्न र सुरक्षा र सरसफाइको उच्च स्तर कायम राख्न मद्दत गर्नु हो।

## नयाँ शुल्कहरूको पूर्ण सूची हेर्न काउन्सिलको वेबसाइट हेर्नुहोस्।

**merri-bek.vic.gov.au/safefoodbusiness**

यदि तपाईं Merri-bek काउन्सिलमा आफ्नो भाषामा कसैसँग कुरा गर्न चाहनुहुन्छ भने कृपया तलको फोन नम्बरहरूमा फोन गर्नुहोस्:

**Merri-bek Language Link**

| | | | | | |
|---|---|---|---|---|---|
| Italiano | Italian | 9280 1911 | Türkçe | Turkish | 9280 1914 |
| Ελληνικά | Greek | 9280 1912 | Tiếng Việt | Vietnamese | 9280 1915 |
| عربي | Arabic | 9280 1913 | ਪੰਜਾਬੀ | Nepali | 9280 0751 |

普通话 Chinese (Simplified) 9280 0750

**National Relay Service:**
13 36 77 or relayservice.com.au